# आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**कर्णाली प्रदेश**

**२०८१**

नगरसभाको बैठकमा मिति २०८१ असार ०८ गते शनिबार
नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ज्यूले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८१/०८२ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

चौरजहारी नगरपालिका
कर्णाली प्रदेश
२०८१

**चौरजहारी नगरपालिकाको यस गरिमामय नगरसभाका अध्यक्षज्यू र सभा सदस्यहरू,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध, जनआन्दोलन विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वाभिमानी नेपाली जनताको तागतमा बनेको संविधान सभाबाट निर्मित संविधानअनुसार गठित यस चौरजहारी नगरपालिकाको जननिर्वाचित जनप्रतिनिधहरूको सार्वभौम थलो नगरसभामा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सबै शहीदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । जनयुद्धका बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु।

३. साधनस्रोत सीमित छ। आवश्यकताहरू असीमित छन्। गरिबी, अभाव र बेरोजगारीसँग जुँधिरहेको चौरजहारी नगरपालिकाले विभिन्न कारण देशमा देखापरेको आर्थिक मन्दिको पनि सामना गर्नुपरेको छ। सीमित स्रोतसाधनमा हाम्रा सबै आवश्यकता योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन। उत्पादनमार्फत् रोजगारी सिर्जना र गरिवीको अन्त्य, जनताका जनजीविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौं। शिक्षा, कृषि, स्वास्थ्य, उत्पादन र रोजगारी यस बजेटका मुख्य प्राथमिकता हुन्।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको सोह्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजना, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरू, शिक्षक, वुद्धिजीवि, कर्मचारी, व्यापारीसहित आम चौरजहारी नगरवासी जनसमुदायबाट प्राप्त महत्वपूर्ण सुझाव तथा मार्गदर्शनलाई बजेटको प्रमुख आधार बनाइएको छ।

**आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८०/०८१ को यस चौरजहारी नगरपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था प्रस्तुत गर्दछु।**

५. आर्थिक वर्ष २०७९/०८० का लागि आन्तरिक राजश्वको २ करोड ३४ लाख प्रक्षेपण गरिएकोमा हालसम्म २ करोड ४४ लाख सङ्कलन भएको छ। अनुमानको यो १०४ प्रतिशत प्रगति हो।

६. आर्थिक वर्ष २०८०/०८१ मा सङ्घीय सरकारबाट समानीकरण अनुदान १० करोड ९ लाख विनियोजन भएकोमा वास्तविक आम्दानी ७ करोड ४७ लाख ७६ हजार ९ सय ९० अर्थात्

७४.११ प्रतिशत रकम प्राप्त भएको छ । सर्सत अनुदान चालुतर्फ संशोधनसहित २३ करोड ५६ लाख विनियोजन भएकोमा २२ करोड ९७ लाख २२ हजार अर्थात् ९७.५१ प्रतिशत वास्तविक आय भएको छ । त्यसैगरी सङ्घको सर्सत अनुदान पुँजीगततर्फ २ करोड ५३ लाख विनियोजन भएकोमा वास्तविक आय १ करोड ९२ लाख २५ हजार अर्थात् ७५.९८ प्रतिशत प्राप्त भएको छ। राजश्व बाँडाफाँट अन्तर्गत सङ्घीय सरकारबाट ९ करोड ४६ लाख ५९ हजार विनियोजन भएकोमा हालसम्म ४ करोड ७४ लाख ८४ हजार ५७४ अर्थात् ५० प्रतिशत रकम प्राप्त भएको छ। स्थानीय राजश्व बाँडफाँट घरजग्गा रजिष्ट्रेसन र दहत्तर बहत्तरको ७० लाख आय अनुमान गरेकोमा ३३ लाख २ हजार ५८६ अर्थात् ४७ प्रतिशत मात्र प्रगति भएको छ। बाँडफाँट भइ प्राप्त वन रोयल्टी १६ हजार ९६० अर्थात् सत प्रतिशत प्राप्त भएको छ। प्रदेश सरकारको बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर १८ लाख ७४ हजार ७४७ आय अनुमान गरिएकोमा सतप्रतिशत प्रगति भएको छ।

**७.** प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख २९ हजार आय अनुमान गरिएकोमा शत प्रतिशत प्राप्त भएको छ। प्रदेश समपूरक अनुदान पुँजीगततर्फ १ करोड ३ लाख आय अनुमान गरेकोमा ३५ लाख ८५ हजार ८६२ अर्थात् ३४.८१ प्रतिशत प्रगति भएको छ। ससर्त अनुदान चालुतर्फ ४ करोड ३८ लाख १३ हजार आय अनुमान गरिएकोमा ८६ लाख ९५ हजार ३५४ अर्थात् १९.८५ प्रतिशत प्रगति भएको छ। प्रदेश सर्सत अनुदान पुँजीगततर्फ २ करोड १० लाख आय अनुमान भएकोमा हालसम्म १ करोड ३८ लाख ६० हजार रकम अर्थात् ६६.० प्रतिशत प्राप्त भएको छ। प्रदेश सरकारबाट विशेष अनुदान ३० लाख विनियोजन भएकोमा कार्यक्रम कार्यान्वनकै क्रममा रहेकोले प्राप्त हुन नसकेको जानकारी यस सम्मानित सभामा अवगत गराउँछु।

**८.** चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको यस सम्मानित सभामा जानकारी गराउँछु। विद्यालय भौतिक पूर्वाधार निर्माण अन्तर्गत हिमालय माध्यमिक विद्यालय खोलागाउँमा आठ कोठे विद्यालय भवन निर्माण गरिएको छ। जसबाट जसबाट ४८० जना विद्यार्थीहरू प्रत्यक्ष लाभान्वित भएका छन्। ४० लाखको लागतमा शीतल क्याम्पस चौरजहारीको भौतिक पूर्वाधार निर्माण गरिएको छ। बालहित माध्यमिक विद्यालय साक्चाखोला, जनचेतना आधारभूत विद्यालय अंगेरी फिल्ड निर्माण, आधारभूत विद्यालय भुवाटाकुरा फिल्ड तथा घेरबार निर्माण, आधारभूत विद्यालय मानाकोट फिल्ड तथा घेरबार निर्माण सम्पन्न गरिएको छ। नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमासमेत गरी जम्मा ६७ वटा कार्यालयहरूमा इ- हाजिरी जडान गरिएको छ। सबै विद्यालय र कार्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिएको छ। विद्यालय सञ्चालनको अनुमति पाएका तर शिक्षक दरबन्दी नभएका विद्यायलहरूमा नगर शिक्षक ११५ जना परिचालन गरिएको छ

। निजी स्रोत शिक्षक विहीन विद्यालय बनाउने अभियानलाई पूर्णता दिइएको छ । कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाले नि:शुल्क ड्रेस र स्टेशनरी सामग्री प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन भएको छ ।

**९.** जनकल्याण माध्यमिक विद्यालय सानाखोलामा सुविधासम्पन्न ICT ल्याव र विज्ञान प्रयोगशाला स्थापना गरिएको छ । बालहित माध्यमिक विद्यालय साक्चाखोलामा पुस्तकाल र माध्यमिक विद्यालय कोटजहारीमा ICT ल्याव स्थापना गरि सञ्चालनमा ल्याइएको छ । नियमित छात्रवृत्तिका अतिरिक्त ४५० जना विद्यार्थीहरूलाई ३ हजारका दरले छात्रवृत्ति प्रदान गरिएको छ ।

**१०.** सहज, सुपथ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचका लागि १ हजार २८४ घरपरिवारलाई रु. १ लाखसम्म औषधी उपचार गर्न सकिने गरी नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरिएको छ । यसबाट १२ करोड ८० लाख बराबरको उपचार गर्ने सकिने व्यवस्थाको सुनिश्चित गरिएको छ । मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर, मेरुदण्ड पक्षघातका ३९ जना बिरामीहरूलाई मासिक रु. ५ हजारका दरले आर्थिक सहयो प्रदान गरिएको छ । चौरजहारी नगरपालिका १ मा ब्लड बैङ्क स्थापना गरी सञ्चालनमा ल्याइएको छ ।

**११.** चौरजहारी नगरपालिका २ मा कर्णाली प्रदेशस्तरीय फुटबल रङ्गशाला निर्माणका लागि सङ्घ सरकारसँग विशेष पहल गरिएको छ । ५ सय क्षमताको सभाहल निर्माणको काम अगाडि बढेको छ । वडा नं. ३ मा ५० शैया र वडा नम्बर ९ मा १५ शैयाको अस्पताल पूर्वाधार निर्माणको काम भइरहेको छ । १ नम्बर वडाको घारीगाउँ र ३ नम्बर वडाको टाटागाउँमा जग्गा एकीकरण (Land Pulling) को प्रक्रिया अगाडि बढाइएको छ । वडा नं. ३ एकीकृत सामुदायिक भवन निर्माणका लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम अन्तिम प्रक्रियामा रहेको छ ।

**१२.** **'एक घर एक धारा'** खानेपानी आयोजना कार्यान्वयनका लागि भेरीमालिका लिफ्ट खानेपानी आयोजनाको काम सुरु गरिएको छ । २ वटा नयाँ खानेपानी आयोजनाहरू निर्माण गरिएको छ । विभिन्न ७ लिफ्ट खानेपानी आयोजनाहरू मर्मत गरी सञ्चालनमा ल्याइएको छ । योसँगै नगरपालिकाका करिब ९० प्रतिशत घरपरिवारमा स्वच्छ र सफा खानेपानीको सुविधा पुऱ्याइएको छ ।

**१३.** नगरपालिकाका सबै सडकहरूको समयमै मर्मत सम्भार गरिएको छ । चौरजहारी बजार, खोलागाउँ, नुवाकोट, कोटजहारीमा कालोपत्रे गर्ने काम अगाडि बढी मध्यपहाडीसहित चौरजहारीमा कालोपत्रे भएको सडक ३७ किलोमिटर पुगेको छ । खोलागाउँमा व्यवस्थित बसपार्क निर्माणको कामले तिव्रता पाएको छ ।

चौरजहारी नगरपालिका रुकुम (पश्चिम)

**१४.** उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न विभिन्न ६ वटा सिंचाइ कुलो निर्माण गरिएको छ। बाख्रा र मकै पकेट कार्यक्रम सञ्चालन गरी कृषि व्यवसाय प्रवर्धन गरिएको छ। कृषिको व्यवसायीकरणका लागि सबै वडामा २० लाखका दरले सहलगानीमा कृषि व्यवसाय प्रवर्धन कार्यक्रम अन्तर्गत पकेट क्षेत्र विस्तार गरिएको छ। ५० प्रतिशत अनुदानमा ९ जना कृषकलाई घाँस काट्ने विद्युतीय मेसिन प्रदान गरिएको छ। २१ हजार १ सय ४० पशुपन्छीहरूको उपचार गरिएको छ। ४ हजार घरपरिवारलाई तरकारी मिनिकिट प्रदान गरिएको छ। ४ हजार २९१ गाईभैंसीमा खोरेत खोप लगाइएको छ। २३ जना कृषकको खेतमा चैते धानको सफल परीक्षण गरिएको छ। व्युटिपार्लर सम्बन्धी १४ जनालाई एभान्डस तालिम प्रदान गरिएको छ। १२ हजार दुई सय पचास भेडाबाख्रालाई PPR खोप लगाइएको छ।

**१५.** मालिकालाई आकर्षक पर्यटकीय गणतव्यका रुपमा विकास गर्न सुरु गरिएको मालिका पर्यटन पूर्वाधारको कामलाई अन्तिम चरणमा पुऱ्याइएको छ। प्याराग्लाइडिङको सफल परीक्षण गरिएको छ। पर्यटन पूर्वाधार निर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिएको छ।

**१६.** नगरपालिका क्षेत्रभित्र गुणस्तरीय, सहज र सुपथ भाडामा आवतजावतको प्रबन्धका लागि नगर बस सेवा सञ्चालन गरिएको छ। जोगीनेटा, तिमीलेका साथै सदरमुकाम मुसीकोटसम्म यसको विस्तार गरिएको छ। हाल ५ वटा नगर बस र ३ वटा एम्बुलेन्स सञ्चालनमा छन्। तोकिएका लक्षित वर्ग र समुदायका नागरिकहरूलाई नगर बस र एम्वुलेन्समा विशेष छुटको व्यवस्था मिलाइएको छ।

**१७.** नगरपालिका क्षेत्रभित्रका २ हजार ३०६ बालबालिका, ८९६ जना दलित बालबालिका, ७७ जना 'क' र १०७ जना 'ख' वर्गका अपाङ्गता गरी १८४ जना र ६८ वर्ष माथिका जेष्ठ नागरिक १ हजार ३६५ जनालाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ। त्यसैगरी दलित जेष्ठ नागरिक, २९६ जना, विधवा ४०० र एकल महिला १९१ जनालाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ।

**१८.** चौरजहारी नगरपालिकामा पूर्ण विद्युतीकरण गर्ने कार्यलाई तीव्र बनाइएको छ। वडा नम्बर ६,१२, १३ र १४ मा विद्युतीकरण गर्ने कार्यलाई गति प्रदान गरिएको छ। बाँकी वस्तीहरूमा पनि विद्युतीकरण भइरहेको छ।

**१९.** २०८० कार्तिक १७ गते राति जाजरकोट रामीडाँडा केन्द्रविन्दु भइ गएको भूकम्पका कारण निजी आवासमा पूर्ण वा आंशिक क्षति भइ बस्न नमिल्ने अवस्थाका भूकम्प पीडित परिवारहरूलाई उद्धार राहतका साथै अस्थायी आवासका लागि अनुदान प्रदान गरिएको छ। हालसम्म ७ हजार ३७३ घरपरिवारलाई प्रथम किस्ता वापत रु. २५ हजारका दरले १८ करोड ४० लाख ७५ हजार

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

निकासा गरिएको छ। दोस्रो किस्ता वापतको रकम प्रदान गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको छ। पुनर्निर्माणका लागि सिकर्मी र डकर्मी तालिम सञ्चालन गर्नुका साथै नमुना आवास समेत निर्माण गरिएको छ। HDCS सँगको सहकार्यमा वडा नं १२ को जुम्लीपोखरीमा २१ वटा स्थायी आवास निर्माणको काम सघन रुपमा अघि बढाइएको छ।

२०. रोजगार सेवाकेन्द्रमा सूचीकृत ३ हजार १२८ बेरोजगार सूचीकृत भएकोमा हालसम्म ३०९ जनालाई प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् रोजगारी प्रदान गरिएको छ। जसअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट २२ र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट १५ वटा योजनाहरू सम्पन्न भएका छन्।

२१. नगर कार्यपालिकाको कार्यालयबाट प्रवाह हुने सेवालाई सेवाग्राहीमैत्री बनाउन एकीकृत सेवाप्रवाह सञ्चालन गरिएको छ। सेवाग्राही सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझाव कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ। नगर कार्यपालिकाको कार्यालय परिसरमा नि:शुल्क फोटोकपी सेवा, कल सेन्टर स्थापना, नागरिक वडापत्र र सूचना सम्प्रेणका लागि डिजिटल बोर्डको व्यवस्था गरिएको छ। गुनासो सुनुवाइ व्यवस्थालाई प्रभावकारी बनाउँदै लिइएको छ।

२२. नवीनतम सूचना प्रविधिको उपयोग गर्दै विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer) पूर्ण रुपमा लागू गरिएको छ। सार्वजनिक व्यवस्थापन प्रणाली (PAMS) पूर्ण कार्यान्वयन मार्फत् खरिद कार्यलाई व्यवस्थित गरिएको छ। योजना सम्झौता र भुक्तानी, राजश्व सङ्कलन कार्यलाई अनलाइन प्रणालीमा आवद्ध गरिएको छ।

२३. न्यायीक समितिको क्षेत्राधिकार भित्रका विभिन्न विवाद समाधानका लागि न्यायीक समितिलाई सक्रिय बनाइएको छ। हालसम्म विभिन्न प्रकृतिका ७९ वटा विवादको उजुरी दर्ता भएकोमा ३४ वटाको मेलमिलाप गराइएको छ भने ४५ वटा प्रक्रियामा रहेका छन्।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू र सभाका सदस्यहरू !**

२४. आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु।

(क) नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर प्रवर्धन, विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,

(ख) कृषि व्यवसायको प्रवर्धन गरी स्वरोजगार सिर्जना गर्ने,

(ग) गुणस्तरीय पूर्वाधार विकास गरी समृद्ध नगरपालिकाको आधार तयार गर्ने,

(घ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गरी सामाजिक न्याय कायम गर्ने,

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

(ङ) नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सेवाग्राहीमैत्री बनाउने,

(च) समृद्ध चौरजहारी : जनउत्तरदायी सरकारको मार्गदर्शन पूरा गर्ने ।

**बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छ :**

(क) शिक्षा र स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने,

(ख) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने,

(ग) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने,

(घ) सडक, ऊर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने र एउटै आयोजनालाई स्रोत परिवर्तन गरी विभिन्न खण्डमा विभाजन नगर्ने साथै टुक्रे आयोजना तथा कार्यक्रमलाई निरुत्साहित गर्ने,

(ङ) तुलनात्मक लाभका क्षेत्र पहिचान गरी लगानीको अवसर प्राप्त गर्ने

(च) संस्थागत सुशासन कायम र सेवाप्रवाहमा सुधार गर्ने ।

**२५.** यस वर्ष **'सहलगानीमार्फत् उत्पादनमा वृद्धि : सामाजिक न्यायसहितको आर्थिक समृद्धि'** को नारा तय गरिएको छ । यसको माध्यमबाट **'समृद्ध चौरजहारी : जनउत्तरदायी सरकार**'को दीर्घकालीन सोच हासिलका लागि टेवा पुग्ने गरी बजेट केन्द्रित गरिएको छ । आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ कार्यक्रमहरू केन्द्रित गर्ने प्रयास गरिएको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

२६. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु।

## आर्थिक विकास क्षेत्र

२७. नेपाल कृषि प्रधान देश हो। कृषिको व्यवसायीकरण आजको आवश्यकता हो। कृषि पेसामा आकर्षण गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ। नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसाय प्रवर्धन गरिने छ। कृषि र पशुपालन व्यवसायका लागि रु. २ करोड १७ लाख ७० हजार बजेट विनियोजन गरिएको छ। नश्ल सुधारका लागि रु. १ लाख ३० हजार विनियोजन गरिएको छ।

२८. कृषि रोजगारका साथै आर्थिक वृद्धिको महत्वपूर्ण आधार हो। गरिवी र बेरोजगारी अन्त्यका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ। सहलगानीमा कृषि व्यवसाय प्रवर्धन गरिनेछ। त्यसका लागि रु. १ करोड ८० लाख वियोजन गरिएको छ। पशुपालन व्यवसायलाई प्रवर्धन गर्दै लिइने छ। पशु आहार तथा स्वास्थ्य सुधारका लागि प्रोबायोटिक तथा घाँसको बिउँ बिरुवा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ।

२९. पशुपालनको व्यवसायीकरण गर्न दुग्ध सङ्कलन केन्द्र निर्माण गरिनेछ। त्यसका लागि यस वर्ष चिलिङ् भ्याट खरिद तथा जडान गरिनेछ। त्यसका लागि रु. १ करोड विनियोजन गरिएको छ।

३०. नगरपालिका क्षेत्रका उपयुक्त स्थानहरुमा पर्यटन पूर्वाधार निर्माण गरी नगरपालिकालाई पर्यटनको आकर्षक गणतव्यका रूपमा विकास गर्दै लिइनेछ। मालिका पर्यटन पूर्वाधार निर्माण क्रमागत योजनाका लागि बजेट रु. ८० लाख बजेट सुनिश्चत गरिएको छ। यस वर्ष वडा नं. ३ मा मैखारा शहीद स्मृति पर्यटन पूर्वाधार निर्माण गरिनेछ। त्यसका लागि रु. ६८ लाख बजेट विनियोजन गरिएको छ। त्यसैगरी वडा नं. १४ मा नुवाकोट शिवगुफा पूर्वाधार निर्माणको लागि १८ लाख बजेट विनियोजन गरिएको छ।

३१. कामका लागि नगद र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ। विश्व खाद्य कार्यक्रम र सप्रोस नेपालसँगको सहकार्यमा ८ सय ६० जनालाई ४० दिनको रोजगारी प्रदान गरिनेछ। त्यसका लागि रु. ३ करोड ९६ लाख विनियोजन गरिएको छ। सीपयुक्त जनशक्ति विकासका आधार हुन्।

सीपयुक्त जनशक्ति विकासका लागि १ सय जनालाई मागका आधारमा तालिम प्रदान गरिनेछ । त्यसका लागि रु. ३६ लाख विनियोजन गरिएको छ ।

**३२.** चौरजहारी नगरपालिका क्षेत्रभित्रका ४ सय जना बेरोजगारहरूलाई रोजगार प्रदान गरिनेछ । त्रिपक्षीय रूपमा नगरपालिका, प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् सिंचाइ, खानेपानी, पैदल मार्ग लगायत पूर्वाधार निर्माणका क्षेत्रमा परिचालन गरिनेछ । कम्तिमा १ सय दिनको रोजगारीका लागि रु. २ करोड ९० लाख बजेट विनियोजन गरिएको छ ।

## सामाजिक विकास क्षेत्र

**३३.** श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । नगरपालिकाभित्रको शिक्षालाई सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल २० करोड २ लाख ६५ हजार अर्थात् ३३.०० प्रतिशत बजेट विनियोजन गरिएको छ ।

**३४.** विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून रहेको यस चौरजहारी नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन नगर शिक्षक परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि ३ करोड ३० लाख बजेट विनियोजन गरिएको छ ।

**३५**. संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति हुने गरी चौरजहारी नगरपालिकाले समानता कायम गर्न नि:शुल्क अभ्यासपुस्तिका र पोसाकको व्यवस्था गर्दै आएको छ । उक्त कार्यक्रम अन्तर्गत प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र विषयगत अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ । त्यसका लागि रु. ६४ लाख बजेट विनियोजन गरिएको छ ।

**३६.** राम्रा अभ्यासको अनुकरण गरी कार्यक्षेत्रमा लागू गर्न प्रधानाध्यापकहरूको विद्यालय अवलोकन भ्रमणको व्यवस्था मिलाइने छ । प्रधानाध्यापक तथा शिक्षकहरूको पेसागत सिप विकास, लेखा तथा जिन्सी व्यवस्थापन तालिमका आवश्यक बजेटको व्यवस्था गरिएको छ । नियमित छात्रवृत्तिका अतिरिक्त विद्यालयमा अध्ययनरत ४ सय ५० जना विद्यार्थीहरूलाई ३ हजारका दरले छात्रवृत्ति प्रदान गर्न रु. १३ लाख ५० हजार विनियोजन गरिएको छ । नगर प्रमुख विद्यार्थी सहायता कोषका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**३७.** एकीकृत पाठ्यक्रममा आधारित मूल्याङ्कन कार्यान्वयन सुदृढीकरणका लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ। नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ। विद्यालय स्तरबाट नै खेल प्रतिभाको पहिचान र प्रतिभा प्रष्फुटनको अवसरका लागि नगर प्रमुख कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ। त्यसका लागि रु. ९ लाख बजेट विनियोजन गरिएको छ। वडा नं. ३ स्यालखोलामा खेलकुद पूर्वाधार निर्माणका लागि रु. १२ लाख विनियोजन गरिएको छ।

**३८.** युवा समाज प्रवर्धकका हिमायती र विकासका संवाहक हुन्। युवाहरूको नेतृत्त्व क्षमता विकास गर्न आवश्यक छ। त्यसका लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

**३९.** **'सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्ड'** को नीति अवलम्बन गरिएको छ। उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। त्यसका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु। स्थानीय पाठ्यक्रमको मर्म अनुरूप विद्यार्थीहरूलाई विद्यालयमा कृषि कर्मको प्रयोगात्मक अभ्यास मिलाइने छ। त्यसका लागि शिक्षासँग श्रम कार्यक्रम अन्तर्गत रु. ८ लाख बजेट विनियोजन गरिएको छ।

**४०.** विद्यार्थी उपस्थिति दरमा वृद्धि, पोषण अवस्थामा सुधार ल्याउन प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ५ सम्म दिवा खाजा कार्यक्रम थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ। त्यसका लागि रु. १ करोड १० लाख ८१ हजार विनियोजन गरिएको छ। छात्राहरूको स्वास्थ्य र सरसफाइ तथा उपस्थिति दरमा वृद्धिका लागि स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रम रहेको छ। उक्त कार्यक्रमका लागि रू. २० लाख ३८ हजार विनियोजन गरिएको छ।

**४१.** प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. ३० लाख १६ हजार बजेट विनियोजन गरिएको छ।

**४२.** सामुदायिक विद्यायलमा अध्यननरत छात्रा, दलित र अल्पसङ्ख्यक विद्यार्थीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्तिको व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. ११ लाख २१ हजार विनियोजन गरिएको छ।

**४३.** हिमालय माध्यमिक विद्यालय खोलागाउँमा नमुना विद्यालय विकास पूर्वाधार निर्माणको काम अगाडि बढेको छ। त्यसका लागि यस वर्ष रु. १ करोड विनियोजन गरिएको छ।

४४. आर्थिक वर्ष २०८१/०८२ मा स्वास्थ्य क्षेत्रमा '**प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा**' भन्ने नारा अवलम्बन गरिएको छ । उक्त नारालाई सार्थक बनाउन स्वास्थ्य सेवा प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्यतर्फ कुल ५ करोड ४५ लाख ३२ हजार अर्थात् कुल बजेटको ९.०० प्रतिशत बजेट विनियोजन गरिएको छ ।

४५. गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, सहिद परिवार र जनयुद्धका घाइतेहरूको लागि स्वास्थ्य बिमा गरिनेछ । त्यसका लागि रु. ४४ लाख बजेट विनियोजन गरिएको छ । १४ नं. वडामा गाउँघर क्लिनिक भवन निर्माण गरिनेछ । त्यसका लागि रु. १८ लाख विनियोजन गरिएको छ ।

४६. पोषण स्वस्थ र दीर्घ जीवनको आधार हो । पोषण प्रवर्धनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि सङ्घ सरकारसँग साझेदारी गर्न २२ लाख ६० हजार रकम विनियोजन गरिएको छ । समाजसेवाको भावले स्वास्थ्य स्वयंसेवीकाहरू समर्पित छन् । स्वास्थ्य स्वयंसेवीकाहरूको कामको उच्च प्रशंसा गर्दै सम्मानका लागि रु. १० हजार पोसाक भत्तासहित १२ लाख ४० हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ । चौरजहारी अस्पतालको पूर्वाधार निर्माणका लागि रु. ३५ लाख विनियोजन गरिएको छ ।

४७. खानेपानी नागरिकको आधारभूत आवश्यकता हो । यसको सहज आपूर्तिका लागि न्यूनतम ५ युनिट भन्दा कम मासिक रुपमा पानी उपयोग गर्ने परिवारहरूका लागि विजयश्वरी सुख्खा खानेपानी उपभोक्ता समितिसँगको सहकार्यमा १६ लाख अनुदान दिने व्यवस्था मिलाइएको छ ।

४८. तुलनात्मक रूपमा महिला र दलितहरू श्रम र सीपका धनी छन् । उनीहरूलाई व्यवसायीकरण गर्ने कार्यक्रम अगाडि सारिएको छ । महिला तथा दलित आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ३० लाख बजेट विनियोजन गरिएको छ । राजनीतिक व्यवस्था परिवर्तनका लागि सहिदहरूको योगदान सदा स्मरणीय छ । सहिद परिवारको सम्मानका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।

४९. देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी अंश ओगट्ने महिलाको हक अधिकारलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक छ । महिलालाई विकासमा मूलप्रवाहीकरण गर्न, राज्यका सबै तह र निकायमा महिलाको पहुँच र प्रतिनिधित्व बढाई सारभूत समानता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । महिला सशक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

५०. नेपालको संविधानको धारा २४ मा जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था रहेको छ । छुवाछुत तथा भेदभावजन्य कार्यको अन्त्यका लागि अन्तरजातीय विवाह गर्ने

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

जोडीहरूलाई प्रोत्साहन गर्न प्रति जोडी १ लाखका दरले आवश्यक पर्ने बजेटको प्रबन्ध मिलाइएको छ।

**५१.** जेष्ठ नागरिक अनुभवका खानी र ज्यूदा इतिहास हुन्। जेष्ठ नागरिकको सम्मान र सेवाको खाँचो बढ्दै गएको छ। जेष्ठ नागरिकहरूको सम्मानको लागि रु. ५ लाख बजेट विनियोजन गरिएको छ। अपाङ्गता भएका व्यक्ति र बालबालिकाहरूको संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो। अपाङ्गता भएका व्यक्तिहरूको लागि आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ५ लाख विनियोजन गरिएको छ। बालबालिकाहरूहरूको संरक्षणका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ। जनजाती लक्षित कार्यक्रमका लागि पनि रु. ५ लाख विनियोजन गरेको यस गरिमामय सभामा अवगत गराउँछु।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

## पूर्वाधार विकास क्षेत्र

**५२.** उत्पादन योग्य जमिन भएको तर सिंचाइ सुविधाको अभाव रहेको जमीनमा उत्पादकत्व वृद्धि गर्न सिंचाइ पूर्वाधार निर्माण गरिनेछ। वडा नम्बर २ को खोप्री सिंचाइ, वडा नं. ४ को छरेखोला एक्लेसाल बारमासे सिंचाइ पोखरी निर्माण, वडा नं. १२ को पतेरी सिंचाइ कुलो निर्माण, साक्चाखोला धुर्सुबगर सिंचाइ कुलो लगायत ८ वटा आयोजनाका लागि रु. १ करोड २० लाख बजेट विनियोजन गरिएको छ।

**५३.** सडक विकासको मेरुदण्ड हो। सडकको विकास बिना अन्य विकासका पूर्वाधार निर्माण गर्न सहज हुदैन। सडक निर्माण अन्तर्गत चन्द्रबजार- सानाखोला – जुम्लीपोखरी – उल्लेरी सडक स्तरोन्नती गरिनेछ। त्यसका लागि सङ्घ सरकारसँगको साझेदारीमा काम सम्पन्न हुने गरी रु. १ करोड ९० लाख विनियोजन गरिएको छ। बस्नेतज्यूला अमलाटाकुरा माथिगाउँ सडक स्तरोन्नतीको लागि रु. ३२ लाख र घारिपाखा स्यालखोला टाटागाउँ चिप्लेटी खौचने मोक्षद्वारी सडकका लागि रु २० लाख विनियोजन गरिएको छ। चौरजहारी नगरपालिका क्षेत्रभित्रका सबै सडकहरूको मर्मत सम्भार तथा स्तरोन्नती गरी बाह्रै महिना चल्ने बनाइनेछ। त्यसका लागि रु. ४० लाख बजेट विनियोजन गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**५४.** सबै वडा कार्यालयबाट हुने सेवा प्रवाह आफ्नै भवनबाट हुने व्यवस्था मिलाइनेछ । वडा कार्यालय भवन निर्माण हुन बाँकी रहेको वडा नं. ८ र १२ को वडा कार्यालय भवन निर्माणका लागि रु. १ करोड ५० लाख विनियोजन गरिएको छ ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू**

## वन, वातावरण तथा विपद् व्यवस्थापन

**५५.** विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाको शीघ्र व्यवस्था मिलाइनेछ । उद्धार, राहत तथा पुनस्थापनाको पूर्व तयारी स्वरूप विपदबाट क्षति भएका घरहरूको पुर्ननिर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग साझेदारी गर्न रु. ८ लाख बजेट विनियोजन गरिएको छ ।

**५६.** प्रकोप पीडित परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरू लगायतलाई राहत तथा उद्धार खर्चको व्यवस्था मिलाइएको छ । प्राकृतिक प्रकोपबाट पूर्ण रूपमा विस्थापितहरूलाई जस्तापाता, लत्ताकपडा, त्रिपाल लगायतका सामग्रीको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**५७.** खाद्य कार्यक्रमको सहयोगमा सप्रोस नेपालसँग भूकम्प पीडितहरूका लागि भूकम्प पीडित गर्भवती, महिला, सुत्केरी, अपाङ्गता, दीर्घ रोगी, जेष्ठ नागरिक, एकल महिला, र पुरुष ६ सय ४० जनालाई रु. ३६ हजारका दरले आर्थिक सहायता प्रदान गर्न २ करोड ३० लाख ४० हजार विनियोजन गरिएको छ । दुई वर्ष मुनिका बालबालिका र छ महिना मुनिका सुत्केरी ८ सय जनालाई रु. १० हजारका दरले नगद प्रदान गर्न ८० लाख विनियोजन गरिएको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## संस्थागत विकास र सुशासन

**५८.** कार्यस्थलमा हुनसक्ने जोखिम बहनमा उत्प्रेरित गर्न नगर प्रहरी, कर्मचारी र जनप्रतिनिधिहरूको म्यादी जीवन बिमा र कर्मचारी कल्याणकोष स्थापना गरिनेछ । म्यादी जीवन बिमाका लागि ५ लाख र कर्मचारी कल्याण कोषका लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ ।

**५९.** शान्त, सभ्य र समुन्नत समाज निर्माणका लागि कानुनी सचेतना जरुरी छ । **कानुनको अज्ञानता क्षम्य हुदैन** भन्ने कानुनी सिद्धान्तलाई आत्मसात गर्दै कानुनी सचेतना तालिम सञ्चालन गरिनेछ । कर्मचारी, जनप्रतिनिधि र उपभोक्ता समितिहरूको पनि क्षमता विकास गरिनेछ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**६०.** नगरपालिकाले सञ्चालन गरेका गतिविधि प्रसारणका लागि स्थानीय एफ.एम. रेडियोहरूसँग सहकार्य गरिनेछ । नगर सेरोफेरो रेडियो कार्यक्रम सञ्चालन गरिनेछ । त्यसको लागि आवश्यक बजेट विनियोजन गरिएको छ । सरकारका काम कारबाही खुला र पारदर्शी बनाइ जवाफदेही आवश्यक छ । तीन / तीन महिनामा सार्वजनिक सुनुवाइ गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छ ।

**६१.** नगरपालिकाको फोहरमैला व्यवस्थापन, बजार व्यवस्थापन, पार्किङ, सार्वजनिक व्यवस्थापन, राजश्व सङ्कलन, शान्ति सुरक्षा लगायतमा कार्यमा नगर प्रहरी परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६२. चौरजहारी नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालनका लागि गैरसरकारी सङ्घ संस्थासँग साझेदारी र सहकार्य गरिनेछ । मानव विकास तथा सामुदायिक सेवा HDCS को २३ करोड ५५ लाख ५७ हजार ४९६ बजेट कार्यान्वयन हुनेछ । विद्यालय शिक्षासँग सम्बन्धित कार्यक्रम कार्यान्वयन गर्न KISK EQUIP को ५७ लाख ८० हजार २८० बजेट रहेको छ । त्यसैगरी विश्व खाद्य कार्यक्रमको सहयोगमा सप्रोस नेपालले सञ्चालन गर्ने SAFE (Strengthening Resilience of Assets and Food Security Enhancement) परियोजनाअन्तर्गत कार्यान्वयन हुने कार्यक्रमका लागि ६ करोड ५६ लाख विनियोजन गरिएको छ । समुदाय स्तरमा मानसिक स्वास्थ्यको क्षेत्रमा थप जनचेतना अभिवृद्धि गर्न मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रसँग साझेदारी गरिनेछ । त्यसका लागि मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC), नेपालको रु. २४ लाख १० हजार ५ सय ३९ रकम कार्यान्वयन हुने व्यवस्था गरिएको छ । बहुसांस्कृति मनोसामाजिक संस्था नेपाल (TPO Nepal) को मानसिक स्वास्थ्यको क्षेत्रमा १६ लाख ७९ हजार ७६१ बजेट कार्यान्वयन हुनेछ । समाज जागरण केन्द्र नेपाल (SAC Nepal) ले खानेपानी तथा सरसफाइका क्षेत्रमा काम गर्न रु. १ करोड २० लाख बजेट परिचालन हुने यस सम्मानित सभामा जानकारी गराउँदछु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## स्रोत व्यवस्थापन

**६३.** आगामी आर्थिक वर्ष २०८१/०८२ मा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्न नगरपालिकाको सञ्चित कोषतर्फ रु. **६० करोड ५७ लाख १६ हजार ९ सय ४७** विनियोजन गरिएको छ । चालुतर्फ ४२ करोड ८२ लाख ९८ हजार ९४२ अर्थात् ७०.७१ प्रतिशत विनियोजन गरिएको छ । पुँजीगततर्फ १७ करोड ७४ लाख १८ हजार ५ अर्थात् २९.२९ प्रतिशत विनियोजन

गरिएको छ । सञ्चित कोष र सङ्घसंस्था समेत गरी चौरजहारी नगरपालिकाको  कुल बजेट रु. ९२ करोड ८७ लाख ४५ हजार यस सम्मानित सभामा पेस गर्दछु ।

**६४.** आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आर्थिक ऐन र शहीदस्मृति नगर अस्पताल कोषको आन्तरिक राजश्वतर्फ जम्मा रु. ३ करोड ५२ लाख ९२ हजार प्रक्षेपण गरिएको छ । सङ्घ  सरकारको समानीकरण अनुदान १० करोड ९ लाख रहेको छ । सर्सत अनुदान सङ्घ सरकारको चालुतर्फ २३ करोड ४० लाख ५१ हजार रहेको छ । सर्सत अनुदान पूजीँगततर्फ सङ्घ सरकारको ३ करोड ७५ लाख २८ हजार रहेको छ । त्यसैगरी समपूरक अनुदान पूजीँगत सङ्घ सरकारको  ९५  लाख प्राप्त भएको छ । सङ्घको राजश्व बाँडफाँडतर्फ १० करोड ५ लाख अनुमान गरिएको छ ।

**६५.** राजश्व बाँडफाँट स्थानीय सरकारको दहत्तरबहत्तर शुल्क वापत् रु. २२ लाख र मालपोत रजिष्ट्रेशन शुल्क रु. ३५ लाख गरी रु. ५७ लाख  राजश्व अनुमान गरिएको छ । कर्णाली प्रदेशको समानीकरण अनुदान प्रदेश सरकारबाट १ करोड १३ लाख १३ हजार र सर्सत अनुदान चालु प्रदेश सरकारबाट रु. २१ लाख ७० हजार रहेको छ । सर्सत अनुदान पूँजीगत प्रदेश सरकार ५ करोड ९५ लाख, विशेष अनुदान चालु प्रदेश सरकार ३० लाख र समपूरक अनुदान पूँजीगत ५० लाखको स्रोत परिचालन हुनेछ । प्रदेश सवारी साधनबाट १२ लाख ३२ हजार ९४२ आय अनुमान गरिएको छ । योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण **अनुसूची-१** मा उल्लेख गरेको व्यहोरा सम्मानित सभामा अवगत गर्दछु ।

**६६**. **अन्त्यमा,** यो बजेट तथा कार्यक्रमका लागि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्व, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, सम्पूर्ण जनसमुदाय  लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**धन्यवाद !**